# ४. मण्डली र जीवनमा अनुशासन

## क. मुख्य पदहरु

हिब्रू १२:१-१३
मत्ती १८:१५-१७
अय्यूब ५:१७
हितोपदेश २३:२३
प्रकाश ३:१९
१कोरिन्थी ११:३२
२तिमोथी १:७

## ख. परिचय

ग्रीक भाषाबाट “अनुशासन” का दुईओटा शब्दहरुलाई (अंग्रेजीमा) अनुवाद गरिएको छ. पहिलो "Sophronismus" हो जसको अर्थ “मनलाई बचाउनु” भन्ने हुन्छ. “मनलाई नियन्त्रण गर्ने” वा “मनको स्वस्थता” या “स्वस्थ मन” अथवा “चेतावनी दिनु” आदि पनि यसको अर्थ हुनजान्छ. दोस्रो शब्द हो "Paideuo" र यसको अर्थ सजाय दिनु वा पालन पोषण गर्नु हुन्छ र यसको प्राथमिक अर्थ “बच्चालाई शिक्षा वा तालीम दिनु” पनि भन्ने हुन्छ.

## ग. जीवनमा अनुशासन

१. **जसलाई प्रेम गर्नुहुन्छ त्यसलाई परमेश्वरले अनुशासनमा राख्नुहुन्छ.**

- हामीमा आशिष ल्याउनको निम्ति. त्यसकारण हामीले प्रभुको अनुशासनलाई तिरस्कार गर्नुहुन्न (अय्यूब ५:१७).
- हाम्रो पापको कारणले (भजन ३९:११).
- आपतका दिनहरुबाट हामीलाई छुट्कारा दिन (भजन ९४:१०-१३).
- एउटा बाबुले आफ्नो छोरालाई अनुशासनमा राख्दा खुशी अनुभव गरे जस्तै. (हितोपदेश ३:११-१२; व्यवस्था ८:५).
- न्यायद्वारा (१कोरिन्थी ११:३२).हामी संसारमा दोषी नठहरिनका निम्ति (१कोरिन्थी ११:३२).
- किनभने उहाँले हामीलाई आफ्नो पुत्रको रुपमा स्वीकार्नुहुन्छ (हिब्रू १२:५-७).
- त्यसकारण हामीले परमेश्वरमा आदर गर्नुपर्छ (हिब्रू १२:९).

- त्यसकारण हामी उहाँको अनुशासनमा समर्पित होऔं र त्यसै अनुसार जिऔं (हिब्रू १२:९).
- हाम्रै भलाईको लागि हामी उहाँको पवित्रतामा लागौं (हिब्रू १२:१०).
- किनभने अनुशासनमा तालीम पाएकाहरुको जीवनबाट धार्मिकता र शान्ति उत्पन्न हुन्छ (हिब्रू १२:११).
- आवश्यक परेका बेलामा हामीले गम्भीरतापूर्वक पश्चाताप गर्नुपर्छ (प्रकाश ३:१९).

२. **परमेश्वरले देशहरुलाई अनुशासनमा ल्याउनुहुन्छ**
- तिनीहरुसँग बोलेर (व्यवस्था ४:३६; योना १:२).
- किनभने तिनीहरु दण्डका भागी छन् (भजन ९४:१०; यर्मिया ३०:११).
- किनभने तिनीहरु तह नलगाइएको छाडा बाच्छा जस्ता व्यवहार गर्दछन् (यर्मिया ३१:१८).
- किनभने आफ्नो मुखको सट्टा तिनीहरु परमेश्वरतिर आफ्नो पीठ फर्काउंछन् (यर्मिया ३२:३३).
- इन्साफद्वारा मात्र (यर्मिया ४६:२८).

३. **हाम्रा केटाकेटीहरुलाई अनुशासनमा राखेको परमेश्वर हामीबाट आशा गर्नुहुन्छ**
- "छडी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताडना दिन्छ." (हितोपदेश १३:२४).
- "आफ्नो छोरालाई ताडना दे, किनकि त्यसमा आशा हुन्छ, त्यसको मृत्युमा राजी खुशीले सहभागी नहोउ." (हितोपदेश १९:१८).

४. **हामीले अनुशासित जीवन जिएको परमेश्वर चाहनुहुन्छ** (हितोपदेश २३:३३)
- हाम्रा छोराछोरी तथा आउंदो पुस्ताका विश्वासीहरुका निम्ति हामी उदाहरण बन्नसकौं (व्यवस्था ११:२).
- ताकि हामी दुष्ट कार्यहरुका दास हुनेछैनौ (हितोपदेश ५:२३).
- ताकि हामी मूर्खताद्वारा डोऱ्याइएर मर्नपर्ने छैन (हितोपदेश ५:२३).
- किनभने अनुशासन जीवनको बाटो हो (हितोपदेश ६:२३).
- किनभने जसले अनुशासन मन पराउंछ उसले ज्ञानलाई मन पराउंछ र सुधार मन नपराउने व्यक्ति मूर्ख हो (हितोपदेश १२:१).

- किनभने अनुशासनलाई तिरस्कार गरेमा गरीबि र लाजमा परिन्छ तर जो कोहीले सुधार मन पराउंछ उसको इज्जत बढ्नेछ (हितोपदेश १३:१८).
- आफ्नो मार्ग त्याग्नेले कठोर अनुशासनमा बस्नुपर्नेछ (हितोपदेश १५:१०).
- अनुशासनलाई बेवास्ता गर्नेले आफैंलाई घृणा गर्छ, तर सुधारलाई ध्यान दिनेले समझशक्ति प्राप्त गर्छ (हितोपदेश १५:३२).

## घ. मण्डलीमा अनुशासन

मण्डलीमा अनुशासन सम्बन्धमा बाइबलमा स्पष्ट मार्गदर्शन दिइएको छ
*"जसले अनुशासन पालन गर्छ, त्यसले जीवनको बाटो देखाउंछ; तर सुधारको बेवास्ता गर्नेले अरुलाई पनि बहकाउंछ."* (हितोपदेश १०:१७).
*"आफ्नो मार्ग त्याग्नेले कठोर ताडना भोग्नुपर्छ, जसले सुधारलाई घृणा गर्छ त्यो मर्नेछ."* (हितोपदेश १५:१०)
*"तिम्रो भाइले तिम्रा विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरु दुईमात्र हुंदा त्यसको दोष देखाइदेऊ. त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो. तर त्यसले सुनेन भने आफ्नो साथ अरु दुईजनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस. यदि त्यसले तिनीहरुका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन. त्यसले मण्डलीको पनि कुरा सुन्न इन्कार गऱ्यो भने त्यो तिम्रो लागि विधर्मी र कर उठाउने सरह होस."* (मत्ती १८:१५-१७).

- परमेश्वरको वचनको शिक्षाका विपरीत हाम्रो सामून्ने अवरोध तथा विभाजन ल्याउनेहरुमाथि नजर राखेर हामी तिनीहरुबाट टाढै रहनुपर्छ (रोमी १६:१७).
- हामीले मण्डली भित्रकाहरुको इन्साफ गर्नुपर्छ र परमेश्वर मण्डली बाहिरकाहरुको इन्साफ गर्नुहुनेछ (१कोरिन्थी ५:१२-१३).
- दुई वा तीन साक्षीहरुका गवाहीबाट मात्र सबै कुराहरुको निर्णय गरिनुपर्छ (२कोरिन्थी १३:१).

*"भाई हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरु जो आत्मिक छौ, तिमीहरुले नै नम्रतापूर्वक तिनको सुधार गर. आफ्नै पनि विचार राख, नत्रता तिमीहरु पनि परीक्षामा पर्नेछौ."* (गलाती ६:१).

*अल्छिहरुसँग र परमेश्वरको वचनको शिक्षा अनुसार नचल्नेहरुसँग सँगत नगर"* (१पत्रस ५:१४; २थेस्स ३:६).

*"वृद्ध मानिसहरुलाई नहप्काउ, तर तिनलाई बाबुलाई जस्तै गरी सम्झाऊ."* (१तिमोथी ५:१).

*"दुई वा तीन साक्षीको गवाही बाहेक एल्डरको विरुद्धमा लाएको आरोप कहिल्यै स्वीकार नगर. यसमा लागिरहनेहरुलाई सबैका सामू हप्काउ, र यसरी अरुहरुपनि डराउनेछन्."* (१तिमोथी ५:१९-२०).

*"फुट हाल्ने मानिसलाई चाहिँ एक वा दुइपल्ट चेताउनी दिएपछि त्यससँग अरु कुनै सरोकार नराख, यो जानेर कि यस्तो मानिस भ्रष्ट र पापी हो. त्यो आफैं दोषी ठहरिएको छ"* (तीतस ३:१०-११).

*"दोधारमा हुनेहरुलाई दया देखाओ, अरुलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउंदा होशियार गर; पाप-स्वभावद्वारा बिटुलिएका वस्त्र समेत घृणा गर"* (यहूदा २२-२३).

## ङ. आफ्ना अधार्मिक जीवनदेखि फर्कनेहरुलाई स्वीकार गर्नुहोस्

हामीले अनुशासनमा राख्नुपर्ने व्यक्तिहरुमाथि आवश्यकताभन्दा बढी कडि-कडाउ गर्नु हुदैन र तिनीहरु आफ्ना अधार्मिक जीवनबाट फर्कन चाहेमा तिनीहरुलाई फिर्ता स्वीकार गर्नुपर्छ. परमेश्वर आफैं पनि कृपालु हुनुहुन्छ. दुष्टहरुको मृत्युमा उहाँ आनन्द मनाउनु हुन्न तर तिनीहरु आफ्ना दुष्ट कार्यबाट फर्केको रुचाउनुहुन्छ (इजकिएल ३३:१०-२०). मानिसहरु पापमा परेको देख्दा हामी खुशी हुनु हुदैन. परमेश्वरको सामून्ने तिनीहरुलाई धार्मिकताको स्थानमा फर्काउन हामीले सक्दो प्रयत्न गर्नुपर्छ.

*"तर कसैले दुःखी तुल्याएको छ भने उसले मलाई होइन, तर साह्रै कडा गरी नभन्ने हो भने, तिमीहरु सबैलाई केही हदसम्म दुःखी तुल्याएको छ. त्यस्तालाई बहुमतद्वारा दिइएको सजाय यथेष्ट छ. तर बरु तिमीहरुले त्यसलाई क्षमा गर्नु र सान्त्वना दिनुपर्छ, नत्रता त्यो ज्यादै शोकमा डुबिजाला. यसकारण म तिमीहरुलाई अनुरोध गर्दछु, कि त्यस व्यक्तिप्रति आफ्नो प्रेम अझ गहिरो पार"* (२कोरिन्थी २:५-८).

## च. प्रश्नहरु र छलफलका बुँदाहरु

१. विश्वासमा दह्रो हुनको निम्ति हामीलाई अनुशासनको आवश्यकता छ कि छैन? (तीतस १:१३).

२. बुद्धिमानी र अनुशासनको तिरस्कार गर्नु मूर्खता हो (हितोपदेश १:७). छलफल गर्नुहोस्.
३. येशूको चेलाको नाताले कष्टहरुप्रति हाम्रो कस्तो प्रतिक्रिया हुनुपर्छ (हिब्रू १२:७).
४. अनुशासनमा कस्ले बस्नुपर्छ (हिब्रू १२:७-८).
५. स्वीडेन देशमा आफ्नै बच्चाहरुलाई समेत ताडना दिनु नियम विरुद्ध हुनजान्छ. यसले गर्दा मानिसहरुमा साधारणत: विद्रोहपूर्ण मनस्थिति तथा जीवनमा प्रायश: अनुशासनहीनता फैलिएको छ, किन ?
६. मण्डलीमा एल्डरहरुले अनुशासित जीवन किन जिउनुपर्ने ? (तीतस १:८).
७. मडण्लीको अनुशासन किन त्यति महत्वपूर्ण भएको ? (१कोरिन्थी ५:६-७).
८. मानिसहरुलाई अनुशासनमा ल्याएर तिनीहरुलाई धार्मिकतामा फर्काउने आशाले पावलले तिनीहरुलाई किन "शैतानकहाँ सुम्पने" भनेको ? (१कोरिन्थी ५:५; १तिमोथी १:२०).
९. एउटा क्रिश्चियनले अरु क्रिश्चियनहरुलाई दोश्याउन वा तिनीहरुमाथि मुद्धा हाल्न अदालतमा जान मिल्छ ? यदि मिल्दैन भने क्रिश्चियनहरु बीचको झै झगडा कहाँ गएर सुल्झाउने ? (१कोरिन्थी ६:१-७).
१०. मत्ती १८:१५-१७ मा येशूले भन्नुभएका वाक्यहरु पढ्नुहोस्. एउटा विश्वासी भाइले आफ्नो विरुद्धमा पाप गरेको भेट्टाउंदा अदालतमा जानुको सट्टा उसले के गर्नुपर्छ ? उसले गरेको पापका बारेमा सम्झाउन उक्त विश्वासी भाइकोमा जांदा पनि उसले हाम्रो विल्कुल बेवास्ता गरेमा हामीले के गर्नुपर्छ होला ? गवाहहरुको कुरा सुन्न उसले इन्कार गरेमा हामीले के गर्नुपर्छ ? मण्डलीले भनेका कुराहरु समेतलाई उसले लत्याइदियो भने त्यसपछि के गर्नुपर्ला ?
११. व्यभिचारमा पक्राउ परेकी स्त्रीका बारेमा येशूको कस्तो प्रतिक्रिया थियो ? (यूहन्ना ८:३-११).
१२. मण्डली अनुशासनको पछाडि खास के उद्देश्य हुनुपर्छ (१कोरिन्थी १३:१-८).

## छ. सारांश र प्रयोग

१. येशूका चेलाहरु परमेश्वरको नजीक पुग्नको लागि अनुशासित जीवन जिउनुपर्छ.

२. हितोपदेशका धेरैजस्ता अंशहरुका लेखक राजा सुलेमानले जीवनमा अनुशासन प्राप्त गर्न हामीलाई हितोपदेश पढने सल्लाह दिंदछन. (हितोपदेश १:१-३).

३. "परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ" (२ तिमोथी १:७).

४. "सबै ताडना शुरुमा सुखद हुदैन, दु:खदायी हुन्छ, तर ताडनाद्वारा तालीम पाएकाहरुका लागि यसले पछि धार्मिकतामा शान्तिपूर्ण फल उत्पन्न गराउंछ" (हिब्रू १२:११).

५. "खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाईले जित" (रोमी १२:२१).

६. प्रेमपूर्ण उद्देश्यबाट प्रेरित मण्डलीको अनुशासनले मण्डलीलाई धार्मिकतामा कायम राख्छ.

७. "ख्रीष्टको वचन तिमीहरुमा प्रशस्तसँग वास गरोस. पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ. कुरा वा काममा जे जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउदै प्रभु येशूको नाउंमा गर" (कलस्सी ३:१६-१७).